परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
वर्ष : ३ अंक : ३११ पृष्ठ ४ २०८२ भदौ १७ गते, मंगलबार 2 September, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## ऐन कानुन कार्यान्वयनमा सबै पक्ष गम्भीर हुनुपर्छ : मन्त्री लेखी



● टक नेपाल

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मधेश प्रदेशमा निर्माण भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्ष गम्भीर हुनुपर्ने बताउनुभएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा इन्सेकले सोमबार आयोजना गरेको मधेश प्रदेशमा कानुन निर्माण र कार्यान्वयनको अवस्था विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा धेरै कानुनहरू निर्माण भए पनि कानुन कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको भन्दै कार्यान्वयनको सवालमा मधेश प्रदेशले निर्माण गरेको कानुनबारेमा यसरी नै समय समयमा बहस छलफल हुनुपर्ने धारणा राख्नुभयो ।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री लेखीले देशको मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा निर्माण भएका कानुनहरूको कार्यान्वयनमा चुनौती देखिएको बताउनुभयो । उहाँले संविधानले संशोधनको व्यवस्था गरेको कारण समय अनुकुल कानुनहरू पनि संशोधन हुँदै जाने बताउनुभयो ।

कार्यक्रममा जसपा नेपाल मधेश प्रदेश प्रमुख सचेतक रामअशिष यादवले कानुन आफैंमा पूर्ण हुँदैन भन्दै कानुन समयअनुसार संशोधन गरेर जानुपर्ने आवश्यक्ता रहेको बताउनुभयो । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमको अध्यक्षतामा भएको सो कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशका सचिव विमलप्रसाद बरालले मधेश प्रदेशमा निर्माण भएका कानुन बारेमा र अधिवक्ता राजकुमार महासेठले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा व्यवस्था गर्न बने को विधेयक विषयमा प्रस्तुति गर्नुभएको थियो ।

यसैगरी मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनकपुरधाममा आयोजना गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समावेशी व्यवस्थासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै विपद्को जोखिम न्यूनीकरणका लागि तीन तहकै सरकारको बिचमा समन्वय सहकार्य आवश्यक भएको बताउनुभयो ।

मधेश प्रदेशमा सबैभन्दा बढी आगलगी र शीतलहरको घटना, पानीमा डुबेर मृत्यु हुने, सर्प दंशबाट मृत्यु हुनेजस्ता घटनाहरू हुनेगरेको भन्दै यस्ता घटनाहरू हुँदा जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

लहानमा गोपाल सेवा समितिद्वारा

## वृक्षारोपण र सरसफाइ कार्यक्रम



● चन्दन रजक

गोपाल सेवा समिति लहानले आफ्नो २४औँ स्थापना दिवसको अवसरमा जे.एस. मुरारका बहुमुखी क्याम्पस, लहानमा विशेष वृक्षारोपण तथा सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका वन तथा वातावरण मन्त्री माननीय संजय कुमार यादव र विशेष अतिथि लहान नगरपालिकाका मेयर श्री महेश कुमार चौधरी रहेका थिए। सो अवसरमा समितिका पदाधिकारी, समाजसेवी, विद्यार्थी, स्थानीयबासी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो।

समितिका पदाधिकारीहरूले प्रकृतिको संरक्षण, वातावरणीय सन्तुलन र हरित लहान निर्माणका लागि निरन्तर योगदान पुऱ्याउने प्रतिबद्धता जनाए। सहभागीहरूले "वृक्षारोपण गरी, प्रकृति संरक्षण गरौँ" भन्ने नारासहित पर्यावरणीय सचेतना फैलाउन र सामाजिक उत्तरदायित्व निर्वाह गर्न आह्वान गरे।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा क्याम्पस परिसरमा विभिन्न प्रजातिका छायाँ र फलफूलका बिरुवाहरू रोपिएको छ। साथै, परिसर वरपर र सार्वजनिक स्थलमा सफा-सफाइ अभियान समेत सञ्चालन गरिएको समितिले जनाएको छ।

कार्यक्रमले लहान क्षेत्रमा हरित वातावरण प्रवर्द्धन, समुदायलाई सचेत बनाउने र भावी पुस्ताका लागि स्वस्थ जीवनशैली सुनिश्चित गर्ने सन्देश दिएको सहभागीहरूले उल्लेख गरेका छन्।





परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# निजी शिक्षाको गुठीकरण

नेपालमा नयाँ शिक्षा नीति २०२८ ले शिक्षामा निजी क्षेत्रलाई प्रवेश गराएको हो। सुरुमा फाट्टफुट्ट देखा परेको यो प्रजातन्त्रको पुनर्स्थापनापछि अस्वाभाविक रूपमा बढ्यो। नाफामूलक हुनाले गुठीमा भन्दा कम्पनीमै आकर्षण देखियो। अनुगमन नहुने, पूर्वाधार पूरा नगरे पनि हुने, खासै कर नलाग्ने र लेखापरीक्षण पनि स्वैच्छिक बनाइएकाले मध्यम र उच्च वर्गका सञ्चालकहरू यसतर्फ आकर्षित भए। अहिले त सहर, बजार, टोल अनि गाउँबस्तीमा निजी शैक्षिक संस्थाहरू बग्रेल्ती भेटिन्छन्।

राज्यले त्यही नीतिमा विभिन्न संशोधन गर्दै अनि आयोगका सुझावको आंशिक उपयोग गर्दै निजी शिक्षालाई जन्मने, हुर्कने र फैलने अनुकूल वातावरण दिँदै आयो। मूलतः निजीकरण, उदारीकरण, खुला बजार तथा स्वस्थ प्रतिस्पर्धात्मक आर्थिक नीतिकै कारण दलहरूको निजी शिक्षालाई हेर्ने पूर्वदृष्टिकोण पनि बदलियो। राजनीतिक अस्थिरता त थियो नै त्यसमा पनि शिक्षालाई सबैले कम महत्व दिँदै आए। नीतिहरू फितला भए। गुठीकरण, शुल्क निर्धारण, पाठ्यक्रम आदिसम्बन्धी मापदण्ड निर्धारण भए पनि कार्यान्वयन हुन सकेनन्। यसले सरकार हार्ने र निजीले पेल्दै लैजाने अवस्था सिर्जना भयो।

बेरोजगारी र अस्पष्ट राज्यप्रणालीको फाइदा उठाउँदै निजी शिक्षा सस्तो जनशक्ति र कम लगानीबाट असीमित मुनाफा आर्जनतर्फ आकर्षित भइरह्यो। यसलाई कमजोर सामुदायिक शिक्षाले अप्रत्यक्ष रूपमा सघाइरहे। वित्तीय संस्था, उद्योगी, व्यापारी, रियलस्टेट आदिले उच्च लगानी गर्न थाले। यस्ता शैक्षिक संस्थाको शेयरमा उच्च वृद्धि भयो र महँगोमा खरिदबिक्री प्रक्रिया चल्यो। राजनीतिकर्मी पनि यसतर्फ आकर्षित भए। निजी शिक्षाबाटै उदाएका स्वघोषित बुद्धिजीवीले सांसद, मन्त्री अनि अन्य उच्च नियुक्ति पाउन थाले। निजी शिक्षा क्रमशः नीतिनिर्माणको तहसम्म पुग्यो। त्यसैले त आज सङ्घीय शिक्षा ऐन जारी गर्नुपूर्व विवाद खडा गरिएको छ।

# ‘लिपुलेक समझदारी’ संवादबाटै हल गर्छौं

• टक नेपाल

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले कूटनीतिक माध्यमबाट संवाद गरी भारत र चीनबिच भएको ‘लिपुलेक समझदारी’ को विषय समाधान गरिने प्रस्ट पार्नुभएको छ। भदौ १३ गतेको मन्त्रीपरिषद् बैठकका निर्णय सोमबार सिंहदरबारमा सार्वजनिक गर्दै मन्त्री गुरुङले भारत र चीनबिच नेपालको भूमि लिपुलेक प्रयोग गर्ने समझदारीको विषय संवादबाटै हल गरिने उल्लेख गर्नुभयो।

मन्त्री गुरुङले महाकालीपूर्वका लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालकै हो भन्नेमा कुनै विवाद नरहेको प्रस्ट पार्नुभयो। “भारत र चीनले व्यापारिक समझदारीका लागि तीन नाकाबाट गर्ने सहमति गरे। त्यसमध्ये एक नेपालको लिपुलेक नाका प्र यो ग गर्ने सहमति भयो,” उहाँले भन्नुभयो, “नेपालका महाकालीपूर्वका लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र ऐतिहासिक भूमि हो। ऐतिहासिक तथ्य र प्रमाणका आधारमा नेपालकै हो भन्नेमा कुनै दुबिधा छैन।”

मन्त्री गुरुङले लिपुलेक हुँदै व्यापारिक नाका खोल्न चीन र भारतका विदेशमन्त्रीले गरेको समझदारी नेपालले नमान्ने जिकिर गर्नुभयो। चीन र भारतबिच समझदारी भएपछि परराष्ट्र मन्त्रालयले कूटनीतिक नोटसमेत जारी गरी सकेको उहाँले बताउनुभयो। “प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपतिसमक्ष आफ्ना कुरा राखिसक्नुभएको छ। राष्ट्रपति सी चिनफिङले समेत लिपुलेक समझदारीमा नेपालसँग कुनै विमति छैन। नेपाल र भारतको समस्या भएकाले दुवै पक्ष बसेर सुल्झाउन उपयुक्त हुन्छ भन्ने छ,” उहाँले भन्नुभयो, “नेपालका प्रधानमन्त्रीले लिपुलेक सम्झौताका विषयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको साइडलाइन भेटघाटमा गर्ने तयारी गरे पनि मिलेन अब भारत भ्रमणका क्रममा उठ्ने छ।” मन्त्री गुरुङले चीन र भारत दुवै पक्षलाई लिपुलेक सम्झौताको विषय उठाएर आफ्नो भूमि फिर्ता लिन पहल गर्ने बताउनुभयो।

मन्त्री गुरुङले राष्ट्रिय समाचार समिति (रासस) र चीनको सिन्ह्वा न्युज एजेन्सीबिच सम्झौता पत्र स्वीकृत गर्ने निर्णय मन्त्रीपरिषद्ले गरेको जानकारी दिनुभयो। आगामी असोज १९ देखि २३ गतेसम्म दक्षिण अफ्रिकाको केप टाउनमा आयोजना हुने २५ औँ ‘फिगो वल्ड कङ्ग्रेस अफ गाइनोलोजी एन्ड अब्सट्र्याक्टिस’ कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा राम पदारथ विच्छालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, आगामी असोज ८ देखि ९ गतेसम्म जापानको टोकियोमा आयोजना हुने ‘द फोर्टिन हाई-लेबल टाक्स कन्फ्रेन्स फर एसियन एन्ड स्पेसिफिक कन्ट्रिज विषयक कन्फ्रेन्समा’ सहभागिताका लागि अर्थ मन्त्रालयका सचिव (राजस्व) दिनेश घिमिरेलाई स्वीकृति प्रदान गर्ने, भदौ २२ देखि २८ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने ‘आइसिआइडियुएस मेगा इभेन्ट, चौथो वर्ल्ड इरिगेसन फोम तथा ७६ औँ इनटरनेसनल एक्जुकेटिभ काउन्सिल-आइसी’ को बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गने ‘लगायतका निर्णय भएको छ।

# महोत्तरीमा दलितमाथि आक्रमण

• टक नेपाल

महोत्तरीको औरही नगरपालिका - ३ मा आइतबार राति दलित (चमार) समुदायमाथि विभत्स आक्रमण भएको छ। गैरदलित यादव समुदायका समूहले घरमै पसेर ४ जना दलितलाई कुटपिट गर्दा उनीहरू गम्भीर घाइते भएका छन्।




घाइते हुनेमा ६० वर्षीय फेकन राम, ५५ वर्षीया रामपति देवी चमार, १७ वर्षीया चन्दा राम र १४ वर्षीया पिंकी राम रहेका छन्। उनीहरू हाल गौसला स्थित सरकारी अस्पतालमा उपचाररत छन्।

अन्तर्जातीय विवाहकै बदला

पीडित पक्षका अनुसार करिब दुई वर्षअघि फेकन रामकी ससुरीलीका भतिज धर्मेन्द्र महराले रामदुलार यादवकी छोरी सबिता यादवसँग अन्तर्जातीय विवाह गरेका थिए। विवाहपछि उनीहरूलाई एक सन्तान समेत भएको छ। यही घटनाको बदला स्वरूप यादव समुदायका व्यक्तिहरूले आक्रमण गरेको आरोप लगाइएको छ।

“चमारहरूको छोरी उठाउनुपर्छ” भन्दै आक्रमण

फेकन रामले बताएअनुसार रामदुलार यादव, धीरज यादव, उमेश यादव र प्रेमकला यादवलगायतले भीड जम्मा गरी जातीय गालीसहित आक्रमण गरेका थिए। घटना हुँदा घरमा पुरुष सदस्य नभएको अवसर छोपी महिलामाथि समेत निर्मम आक्रमण गरिएको पीडितको भनाइ छ।

स्थानीय जनप्रतिनिधि माथि संरक्षणको आरोप

पीडितले वडाध्यक्ष रामकेवल यादवमाथि दोषीलाई संरक्षण दिने गरेको आरोप लगाएका छन्। यसले दलित समुदायमा अझ ठूलो असुरक्षा र आक्रोश बढाएको छ।

प्रहरी मौन, समाज आक्रोशित

प्रहरीले भने घाइतेहरूको उपचारपछि मात्र उजुरी दर्ता भए कानूनी कारबाही अघि बढाइने जनाएको छ। तर दलित समुदायले प्रहरीको मौन भूमिकामाथि प्रश्न उठाएका छन्।

यसैबीच, चमार कल्याण समाज नेपालले घटनाको घोर निन्दा गर्दै प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिमालसँग तत्काल सम्पर्क गरी दोषीलाई पक्राउ गरी कडा कारबाही गर्न माग गरेको छ।







# संविधानसँग बाझिने प्रदेश विधेयक



● रामजी दाहाल

विसं २०६२/६३ को राजनीतिक परिवर्तनको ऐतिहासिक उपलब्धि हो, नेपालको संविधानको प्रस्तावनामा उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रतासम्बन्धी व्यवस्था । यसरी संविधानमै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गर्नुका पछाडि केही कारण छन् । संविधानका धारामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था यसअघि नै नेपाल अधिराज्यको संविधान, २०४७ मा गरिएको थियो तर १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रको शाही घोषणासँगै संविधानको धारामा उल्लेख गरिएको भए पनि प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुन पुग्यो । सो घोषणासँगै पत्रकारका गतिविधिमाथि कडा निगरानी सुरु भयो भने सञ्चार गृहमा हतियारसहितका सेना र प्रहरी तैनाथ गरियो । सञ्चार माध्यमका समाचार कक्ष बन्दुक तेर्स्याएर बसेका सेनाको कब्जामा थिए । प्रेसमा छाप्न पठाउने तयारी अवस्थाका समाचार सामग्रीलाई त्यहाँ सम्पादकका रूपमा खटिएका सेनाले कसरी कैँची लगाएका थिए भन्ने कुरा १-१५ फागुन २०६१ को हिमाल खबरपत्रिकामा कनकमणि दीक्षितको शाही घोषणा र अन्तर्राष्ट्रिय प्रतिक्रिया शीर्षकको विश्लेषणात्मक सामग्री हेर्दा प्रस्ट हुन्छ । जुन राजा ज्ञानेन्द्रको शासनकालमा प्रेस स्वतन्त्रताको अवस्थासम्बन्धी अध्ययन अनुसन्धान गने ʻका लागि ज्यादै उपयोगी सामग्री हुने छ । सञ्चारसम्बन्धी अध्यादेश जारी गरेर तत्कालीन सरकारले स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने काम गरेको थियो । यी र यस्ता घटनासँगै स्वतन्त्रताका पक्षधर पत्रकार आफ्ना पेसागत र व्यावसायिक मुद्दा थाती राखेर गणतन्त्रको पक्षमा हरेक दिन सडक सङ्घर्षमा उत्रिएका थिए । सडक आन्दोलनको अगुवाइ पत्रकारले नै गरेका थिए । यसो हुँदा राजधानीको केन्द्र भागबाट पर पुगेका राजनीतिक दलका नेताहरूलाई केन्द्रमा प्रदर्शन गर्नका लागि बल मिलेको थियो । जतिबेला आन्दोलनको कमाण्ड समाल्नुभएको थियो नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले । आन्दोलनको माग अनुसार ११ वैशाख २०६३ मा राजा ज्ञानेन्द्रले विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको घोषणा गरेपछि पत्रकारबिच पूर्ण प्रेस स्वतन्त्रताको चर्चा सुरु भएको हो । लोकतन्त्र प्राप्तिको आन्दोलनमा पत्रकारको उल्लेख्य योगदानको उच्च मूल्याङ्कन गर्दै तत्कालीन प्रधानमन्त्री कोइरालाकै पहलमा नेपालको अन्तरिम संविधान, २०६३ मा पहिलो पटक पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको हो । त्यसैलाई निरन्तरता दिँदै २०७२ मा जारी गरिएको नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ ।

लोकतन्त्र पुनर्स्थापना लगत्तै मुलुकमा प्रेस स्वतन्त्रताको जे जस्तो कल्पना गरिएको थियो, त्यस अनुसार सरकारी व्यवहार हुनु त कता हो कता कानुन बनाएर नागरिकको बोल्न, लेख्न तथा फरक विचार राख्न पाउने अधिकारमाथि अङ्कुश लगाउन प्रयास भएको पाइन्छ । जबकि यी भनेका नागरिकका मौलिक अधिकार हुन् । संविधानले नै यस्ता अधिकार दिएको छ । अभिव्यक्ति स्वतन्त्रताका पक्षपातीको सङ्गठित विरोधको बेवास्ता गर्दै सङ्घीय सरकारले अभ्यास गरेका प्रेस स्वतन्त्रता विरोधी कानुनको सिको गर्दै प्रदेश सरकारले पनि कानुनको मसौदा तयार गरेका छन् । पछिल्लो समय स्वतन्त्र प्रेसको घाँटी निमोट्ने दिशामा अग्रसर देखिएको छ, कोशी प्रदेश सरकार । संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रता विरोधी प्रावधानसहितको प्रदेश सरकारले ल्याएको कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ संशोधनको माग गर्दै पत्रकार र सञ्चारसम्बद्ध निकाय आन्दोलित भएपछि कोशी प्रदेश सरकार निर्णयबाट एक कदम पछाडि हट्न बाध्य भएको छ । संसदीय समितिमा सहमति जुटाएपछि प्रदेश सभामा पेस भएको विधेयक १३ भदौमा पारित गर्ने तयारी हुँदै थियो । विधेयकमा समावेश गरिएका प्रावधानप्रति सञ्चारसम्बद्ध निकायको असन्तुष्टिका कारण सरकारले विधेयक स्थगित गरेको मात्र हो, फिर्ता लिएको होइन । यसको अर्थ सरकारले जुनसुकै बखत सो विधेयक अगाडि बढाउन सक्छ तर पनि यो घटनापछि पर्याप्त छलफलबिना पारित गने ʻ कार्यसूचीमा विधेयक राख्नका लागि त्यति सहज भने देखिँदैन । जुन विधेयक १८ माघ २०८१ मा प्रदेश सभामा दर्ता भएको थियो । २७ माघमा प्रदेश सभाको बैठकमा भएको भोलिपल्टदेखि सैद्धान्तिक छलफल सुरु भएको थियो । प्रदेश सभाले ९ फागुन २०८१ मा संशोधन प्रस्तावसहित दफावार छलफलका लागि न्याय, प्रशासन तथा विधायन समितिमा पठाएको थियो ।

प्रदेश सभामा छलफलका क्रममा १३ वटा संशोधन दर्ता भएपछि थप छलफलका लागि न्याय, प्रशासन तथा विधायन समितिमा पठाइएको थियो । समितिले कारबाही र जरिवानाको थप प्रावधानसहितको प्रतिवेदन तयार पारेपछि त्यसको विरोध सुरु भएको हो । कारबाही र जरिबानाको तरबार तेर्स्याएर प्रदेश सरकारले पत्रकारको कलम बन्द गराउने प्रयास गरेको प्रस्ट देखिन्छ । जबकि राज्यका कुनै पनि निकायबाट भए गरेका बदमासी र गलत प्रवृत्तिविरुद्ध खबरदारी गर्नु पत्रकारको व्यावसायिक धर्म नै हो तर प्रदेश सरकारले पत्रकारलाई कसरी कमजोर बनाउने प्रयास गरेको छ भने ʻकोशी प्रादेशिक सञ्चार प्रतिष्ठान' गठन गर्नेसम्बन्धी प्रदेशको न्याय, प्रशासन तथा विधायन समितिले पारित गरी ६ भदौमा प्रदेश सभामा पेस गरिएको संशोधित विधेयकमा प्रतिष्ठान अध्यक्षको नियुक्ति हुँदा कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने यसअघिको प्रस्ताव हटाइएको छ । यसबाट प्रतिष्ठानलाई राजनीतिक भर्ती केन्द्र बनाउन खोजिएको प्रस्ट हुन्छ । प्रतिष्ठानमा प्रदेश सरकारले नियुक्त गरेको अध्यक्ष र सदस्यसहित ११ सदस्यीय समिति हुने प्रस्ताव गरिएको छ । सदस्यमा नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश समितिका अध्यक्ष वा अध्यक्षले तोकेका प्रतिनिधि एक जना, प्रदेश सरकारले नियुक्त गरेका कम्तीमा दुई महिलासहित सात जना, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना तथा सञ्चार महाशाखाका उपसचिव पदेन सदस्य र प्रदेश प्रेस रजिस्ट्रार सदस्यसचिव रहने उल्लेख छ । प्रतिष्ठानलाई स्वायत्त निकाय भनिए पनि कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहतको एक प्रशासनिक एकाइभन्दा माथि यसको हैसियत देखिँदैन । मिडिया काउन्सिल विधेयक जस्तै सदस्य सचिव (प्रेस रजिस्ट्रार) लाई कार्यकारी अधिकार दिने प्रस्ताव गरिएको छ । यसो हुँदा अध्यक्ष नाम मात्रको हुने पक्का छ । प्रदेशमा सञ्चालन हुने १०१ देखि हजार वाटसम्मको एफएम रेडियो तथा केबुल टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमति दिने, नवीकरण गने ʻ, वर्गीकरण गर्ने, अभिलेख राख्ने, पत्रकार तथा मिडिया संस्थालाई सजाय गराउने र मुद्दाको किराना लगाउनेसम्मको अधिकार प्रेस रजिस्ट्रारलाई दिइएको छ । प्रेस स्वतन्त्रता नियन्त्रणमुखी यो विधेयकमा कतिसम्म कमजोरी देखिन्छ भने पत्रकारको हकहितका लागि स्थापना गर्न लागिएको प्रदेश स्तरीय यो संस्था पत्रकारिताको गुणस्तर वृद्धिमा कहीँकतै बोलेको पाइँदैन । जबकि यस्तो संस्थाले पत्रकारको क्षमता वृद्धि गर्ने र प्रोत्साहन गर्ने प्रस्ट योजना अगाडि सार्नु पर्दथ्यो । त्यतातिर यो विधेयक पूर्ण रूपले चुकेको देखिन्छ ।

आमसञ्चार विधेयकमा आचार संहिता उल्लङ्घन गर्ने रेडियो, टिभी र पत्रकारलाई २५ हजारदेखि डेढ लाख रुपियाँसम्मको जरिबाना तोकिएको छ तर हालै विधायन समितिले पारित गरेको संशोधनमा प्रदेश सरकार र मातहतले दिने सुविधा रोक्ने, विज्ञापनलगायत सेवासुविधा उपलब्ध नगराउने वा कालोसुचीमा राख्ने वा बढीमा एक लाखसम्म तोकिएबमोजिम जरिबाना हुने व्यवस्था थप गरिएको छ । जबकि पत्रकार आचारसंहिता उल्लङ्घन भएमा सम्बन्धित सञ्चार माध्यमलाई सचेत गराउने हो तर लाखौँको जरिबाना तोकेर कानुन ल्याउनुका पछाडि सरकारको नियतमै खोट देखिन्छ । अर्थात् यसो गरेर पत्रकार र सञ्चार माध्यमलाई आफ्नाविरुद्धमा लेख्न र बोल्न रोक लगाउने सरकारी नियत प्रस्ट हुन्छ । सरकारका बदमासीलाई खबरदारी गर्नेलाई दण्ड जरिबाना गराउने यस्ता कार्यले पत्रकार र सिङ्गो पत्रकारिता पेसालाई थप कमजोर बनाउने निश्चित छ । त्यस कारण प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि यस्ता कुनै पनि प्रावधान राखिनु हुँदैन । प्रदेश सभाबाट पारित गर्ने अन्तिम तयारीमा पुगेको यो विधेयक तत्कालका लागि स्थगित भएको छ । आन्तरिक मामिला मन्त्रालयले सरोकारवाला सबै पक्षसँग यसबारे पर्याप्त छलफल गर्नु पर्छ । धेरै हतार नगरी सरोकारवालासँग छलफल गरी प्राप्त फिडब्याकका आधारमा विधेयकलाई अन्तिम टुङ्गोमा पुर्‍याउँदा संविधानको प्रस्तावनामा उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रताको पनि एकैसाथ सम्मान हुने छ । यो दिशामा कोशी प्रदेश सरकार र यसको नेतृत्व मात्र होइन, सिङ्गो कोशी प्रदेश सभा गम्भीर हुनै पर्छ ।

## कार्यालयभित्रै थुनिए ....................

सम्पत्तिको सुरक्षाका लागि पनि भित्रबाट गेटमा ताला लगाउन बाध्य भएका हौं ।'

वीरगञ्जमा गाउँसभा गर्न लागेको भन्ने उनीहरूको कुरामा कुनै सत्यता नभएको उनले बताए ।

उनले भने, 'गाउँसभा गाउँमै हुन्छ । वीरगञ्जमा पालिका सदस्यहरूबीच अन्य विषयमै छलफल भयो होला । तर त्यस्तो तयारी भनेर गरिएको प्रचारमा सत्यता छैन । विपक्षीहरूले आफूमाथि आरोप मात्रै लगाएका हुन् ।

राम्रो काम गरिरहेको समयमा केही निहुँ नपाएर आफ्नो बदनामा गर्न विपक्षीहरूले विशेषगरी नेकपा एमालेका समर्थकले विरोध गरेको उनको आरोप छ ।

'सूचना त प्रशासकीय अधिकृतले उपलब्ध गराउने हो नि !, प्रशासकीय अधिकृत भागेर हिँडेका छन् । हामीले नै प्रमुख प्रशासकीय अधिकृत खोजिरहेका छौं । उनीहरूले मागे अनुसारको केही सूचना कर्मचारीले उपलब्ध गराइसकेका छन् । केही सूचना मात्रै दिन बाँकी हो,' अध्यक्ष चौहानले भने ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट चौहानले गाउँपालिका अध्यक्ष जितेका हुन् ।




## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश






# कार्यालयभित्रै थुनिए जनप्रतिनिधि



टक नेपाल

पर्साको धोबिनी गाउँपालिकामा सोमबार दिनभर तनाव भयो । विकास निर्माण लगायत योजना तथा कार्यक्रमबारे सूचना माग गर्न स्थानीय नागरिक गाउँपालिका कार्यालय पुगेका थिए । कार्यालय परिसर बाहिर स्थानीयको भिड लागे पछि जनप्रतिनिधिले कार्यालय भित्रबाट गेटमा ताला लगाएका थिए ।

सूचना दिनुका साटोभित्रबाट गेटमा ताला लगाएर जनप्रतिनिधि बसेपछि आक्रोशित स्थानीयले गेटबाहिरबाट सोमबार दिउँसो २ बजेतिर अर्को ताला लगाएको स्थानीय सुनिल साहले अनलाइनखबरलाई जानकारी दिए ।

दुवै पक्षबाट गेटमा ताला लागेपछि स्थानीयले गाउँपालिका कार्यालय अगाडि टायर बालेर प्रदर्शन गरेको उनले बताए ।

गाउँपालिकाले सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमसम्बन्धी सूचना माग्दा गाउँपालिका अध्यक्षले कुनै चासो नदेखाएको र कामकारबाही पारदर्शी नभएकोले आफूहरू सूचना माग्न सोमबार कार्यालय पुगेको उनले बताए ।

अध्यक्ष चौहानले वीरगञ्जमा कोठामा बसेर गाउँसभा गर्ने तयारी गरिरहेको र त्यसो नगर्न आफूहरूले खबरदारी गर्दा पनि अटेरी गरेको साहको आरोप छ ।

'वडा वडाबाट योजना तर्जुमाको काम समेत भएको छैन । वीरगञ्जमा कोठामै बसेर गाउँसभा गर्ने तयारी अध्यक्ष चौहानले गरिरहेका छन् । स्थानीयले गाउँमै गाउँसभा गर्न दबाब दिइरहेका छन्,' साहले भने । आफूहरूले सार्वजनिक सुनुवाइमार्फत गाउँपालिकाले गरेका गतिविधि बाहिर ल्याउन माग गर्दा समेत अध्यक्ष चौहानले नसुनेको उनको आरोप छ ।

गेटमा भित्र र बाहिरबाट ताला लागेपछि गाउँपालिका अध्यक्ष मदनप्रसाद चौहानसहित अन्य जनप्रतिनिधि र कर्मचारीहरू दिनभरि कार्यालय भित्रै थुनिएका थिए ।

घटनाबारे जानकारी पाउनेबित्तिकै इलाका प्रहरी कार्यालय पोखरियाको टोली धोबिनी गाउँपालिकाको कार्यालय पुगेको थियो ।

### साँझ मात्रै सहमति

इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक स्वरूप शर्माका नेतृत्वमा प्रहरीको टोली गाउँपालिकाको कार्यालय पुगेको थियो । त्यसपछि दुवै पक्षबीच सहमतिका प्रयासस्वरूप वार्ता भएको थियो । दिनभरि चलेको वार्ता साँझ मात्रै सहमतिमा पुगेको हो ।

स्थानीयले माग गरे अनुसारको सूचना आगामी सोमबारभित्र उपलब्ध गराउने लिखित प्रतिबद्धता अध्यक्ष मदनप्रसाद चौहानले गरेपछि गेटमा लागेको ताला खोल्न स्थानीय सहमत भएका हुन् ।

पर्साका एसपी गौतम मिश्रका अनुसार गाउँपालिका अध्यक्षले स्थानीयले माग गरे अनुसारको सूचना उपलब्ध गराउने र चाँडै गाउँसभा गर्ने सहमति गरेपछि विवाद समाधान भएको हो । विवाद समाधान भएसँगै गेटमा लागेको ताला खुलेको उनले बताए ।

वार्तामा अध्यक्ष चौहानले प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर गएका कारण तत्काल सूचना उपलब्ध गराउन नसकिएको बताएका थिए । नयाँ प्रशासकीय अधिकृत हाजिर भइसकेको भन्दै उनले मागअनुसार सूचना उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

### विपक्षीले लगाएको आरोपमा सत्यता छैन : अध्यक्ष चौहान

अध्यक्ष चौहानले वार्तापछि दुवै पक्षबीचको विवाद समाधान भइसकेको र अवस्था सामान्य बनिसकेको बताए ।

वार्ताका लागि सीमित व्यक्ति आउन आग्रह गर्दा उनीहरूले नमानेपछि गाउँपालिका कार्यालयको सुरक्षाका लागि भित्रबाट ताला लगाउन बाध्य बनेको उनले बताए ।

उनले भने, 'छलफलका लागि १० जना प्रतिनिधि आउनुस् भन्दा उहाँहरूले मान्नु भएन । हुल बाँधेर आउँदा सुरक्षाको दृष्टिले पनि उचित हुँदैन थियो । गाउँपालिकाको बाकी पष्ठ २......

## जिल्ला प्रशासन

# कार्यालयमा भिड बढेपछि सेवाग्राहीलाई सास्ती

टक नेपाल




जिल्ला प्रशासन कार्यालय सप्तरीमा राष्ट्रिय परिचयपत्र बनाउनेको चाप बढेपछि सेवाग्राहीले सास्ती व्यहोर्नुपरेको छ । विशेषगरि बैंकमा खाता खोल्न, सामाजिक सुरक्षा भत्ताको नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि असार पहिलो सातादेखि कार्यालयमा सेवाग्राहीको चाप बढेको हो ।

बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको भीड हुँदै आएपछि सेवाग्राहिले सास्ती व्यहोर्नुपरेको हो । कार्यालयमा बिहान ८ बजेदेखि टोकन बाँड्ने हुनाले टोकनका लागि जिल्लाका विभिन्न पालिकाबाट युवादेखि वृद्धवृद्धासम्म बिहानै जिल्ला प्रशासन कार्यालय आइपुग्नुपर्ने बाध्यता छ ।

सेवा ग्राहीको चाप बढी र सिमित श्रोत साधन जनशक्तिका कारण एक जनालाई चारदिनसम्म धाउनुपर्ने बाध्यता छ । सप्तरीको रूपनी गाउँपालिका छपकी ७९ वर्षिया सुखनी देवी सदाले ४ दिन धाएपछि बल्ल राष्ट्रिय परिचपत्रका लागि फोटो खिच्न सकेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी विपन्न समुदाय सामाजिक सुरक्षा भत्ताको भरमा छौं । फोटो खिचेर राष्ट्रिय परिचयपत्रका लागि प्रक्रिया नपुऱ्याएसम्म कार्ड नविकरण भएन भने कसरी जीवन धान्ने चिन्ता थियो । तर अब खुशी छु ।" राजविराज नगरपालिका १६ कि बुधनी सदाले पनि दुई दिन कार्यालय धाएपछि फोटो खिचाउन भ्याएको बताउनुभयो । जिल्लामा रहेको १८ पालिकामध्ये १४ पालिकाका सेवाग्राहीलाई सदरमुकाम आएर फोटो खिचाउनुपर्ने बाध्यता भएपछि समस्या भएको हो । घरबाट आउन, जान र पालो पर्खन समस्या भएको उहाँले बताउनुभयो ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले सेवाग्राहीलाई सहज रूपमा सेवा दिनका लागि प्रयास थालेको बताउनुभयो । उहाँले भन्नुभयो, झराज्यले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपनि यो सुलभ हुन सकेको छैन । जनसंख्या बढी भएको जिल्लामा सेवाग्राहीको चाप बढ्नु स्वभाविक भएकोले यसलाई व्यवस्थित गर्दै शनिवार पनि यो सेवा दिने प्रयासमा रहेको बताउनुभयो । अहिले यस कार्ययालयमा दिनहुँ तीन सयदेखि तीनसय ५० जनाको फोटो खिचिरहेको उहाँले बतनउनुभयो । सेवाग्राहीको चाप बढेपछि लाइन लाग्ने ठाउँ समेत नभए थप समस्या भएको उहाँले जानकारी दिनुभयो ।

जिल्लाको भएका पालिकाहरू मध्ये शम्भुनाथ, सुरूङ्गा, हनुमान कंकालिनी, खडक नगरपालिका, तिरहुँत, तिलाठी कोइलाडी रूपनी, गाउँपालिका ७ पालिकाको आइतबार, सोमबार र मंगलबार र राजविराज, डाक्नेश्वरी नगरपालिका, अग्निसाइर कृष्णासवरण, छिन्नमस्ता, विष्णुपुर, राजगढ, महदेवा गाउँपालिका गरि ७ वटा पालिकाको सेवाग्राहीको बुधबार , बिहिवार र शुक्रबारका दिन फोटो खिच्नका लागि तोकिएको छ ।

बाँकी रहेको पालिकाको स्थानीय इलाका प्रशासन कार्यालय भइरहेको छ । जिल्लामा १८ पालिमा ९ नगरपालिका र ९ गाउँपालिका रहेको छ ।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014